# लुम्बिनी विकास बैक लि.

## को

## बाह्रौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट)

१. प्रारम्भिक :

यस लुम्बिनी विकास बैक लि. को मिति २०७६ पौष ७ गते बसेको सञ्चालक समितिको ३५१औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको बाह्रौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसालज्यूले पानसमा दीप प्रज्वलन गरि समुद्घाटन गर्नुभयो । उक्त सभा सम्बन्धी विस्तृत विवरणहरु तपशिल वमोजिम रहेका छन ।

**वार्षिक साधारण सभा सम्पन्न भएको**

**मिति : २०७६ पौष २९ गते, मंगलवार (१४ जनवरी २०२०)**

**स्थान : अमृतभोग, कालिकास्थान, काठमाण्डौ**

**समय : बिहान ११:०० बजे देखि**

२. उपस्थिति :

(क) **सञ्चालकहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री दशरथ रिसाल | - | अध्यक्ष (संस्थापक शेयरधनीको तर्फवाट) |
| २. | श्री शुशिलराज पराजुली | - | सञ्चालक (संस्थापक शेयरधनीको तर्फवाट) |
| ३. | श्री चिन्तामणि भट्टराई | - | सञ्चालक (संस्थापक शेयरधनीको तर्फवाट) |
| ४. | श्री प्रविण कृष्ण श्रेष्ठ | - | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फवाट) |
| ५. | श्री प्रताप कुमार आचार्य | - | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फवाट) |
| ६. | श्री रामचन्द्र सिग्देल | - | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फवाट) |
| ७. | श्री अंजु कुमारी गुप्ता | - | सञ्चालक (स्वतन्त्र) |

**(ख) विकास बैंकका पदाधिकारी**

| | | |
|---|---|---|
| १. श्री नरेश सिंह बोहरा | - | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री पवन ढकाल | - | वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री उमेश रेग्मी | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री हरि कृष्ण सुवेदी | - | मुख्य प्रवन्धक/कम्पनी सचिव |
| ५. श्री दिपक खनाल | - | मुख्य प्रवन्धक |
| ६. श्री नवराज भण्डारी | - | प्रमुख लेखा विभाग |

Lumbini Bikas Bank Limited * Head Office *

(ग) **उपस्थित शेयरधनीहरुको विवरण :**

| विवरण | संस्थापक | | सर्वसाधारण | | कुल |
|---|---|---|---|---|---|
| | स्वयं उपस्थिति | प्रोक्सी मार्फत | स्वयं उपस्थिति | प्रोक्सी मार्फत | |
| शेयरधनी संख्या | ६९ | ५५ | १,१६४ | ५० | १,३३८ |
| शेयर संख्या | ९६,०८,६७३ | | ३८,४२,७७९ | | १,३४,९१,४५२ |

३. **सभाको बैधानिकता** :

(क) **सभाको बारेमा सार्वजनिक सूचना :**

यस विकास बैंकको बाह्रौं वार्षिक साधारण सभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार सभाका सभापति श्री दशरथ रिसालज्यूको आज्ञाले कम्पनी सचिव श्री हरि कृष्ण सुवेदीले उपस्थित शेयरधनीहरु समक्ष देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

१. विकास बैंकको बाह्रौं वार्षिक साधारण सभाको निम्ति सभा हुने मिति, स्थान, समय र छलफलका विषय बारेको पहिलो सूचना साधारण सभा हुनु भन्दा २१ दिन अगावै शेयरधनीहरुको जानकारीको लागि २०७६ पौष ८ गतेको कारोबार राष्ट्रिय दैनिकमा तथा दोश्रो सूचना मिति २०७६ पौष १५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको ।

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था वमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०७६ पौष २९ गते मंगलवार स्वयं तथा प्रोक्सी मार्फत जम्मा १,३३८ जना शेयरधनीहरुबाट विकास बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५२.१५% को प्रतिनिधित्व हुने गरी उपस्थित जनाई सकेको हुँदा साधारण सभा वैधानिक भएको व्यहोरा जानकारीका लागि अनुरोध भएको ।

(ख) **गणपुरक संख्या :**
विकास बैंकको शेयरधनी कायम भएका शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण देहाय वमोजिम रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कुल संख्या | शेयरधनी | ३६० | ४२,२५५ | ४२,६१५ |
| | शेयर | १,३१,९५,३६२.१९.१८ | १,२६,७४,२७३.३० | २,५८,६९,६३५४८ |

Lumbini Bikas Bank Limited Head Office

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या (बैंकका शेयरधनीहरुको स्वयं वा प्रतिनिधी मार्फत भएको उपस्थिती एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल उपस्थिति प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | २,५८,६९,६३५४८ | १,२३३ | १०५ | १,३३८ | ५२.१५% |
| शेयरधनी | ४२,६१५ | ८५,९१,९६३ | ४८,९९,८८९ | १,३४,९१,४५२ | |

उपस्थित शेयरधनीहरुको उपस्थिति विवरणको जानकारी दिदै कानून बमोजिम बोलाईएको साधारण सभामा बैंकको नियमावलीको प्रावधान र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) को गणपूरक सम्बन्धी प्रावधान बमोजिम यस १२औं वार्षिक साधारण सभामा पेश गरिएका प्रस्तावहरुमा निर्णय लिन समेत आवश्यक गणपुरक संख्या पुगेको हुँदा सभापतिज्यूले सभा आरम्भ गर्नुभयो ।

## ४. सभाको सभापतित्व :

वार्षिक साधारण सभा संचालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसालज्यूले १२औं वार्षिक साधारण सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात् उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै छलफलका विषय अनुसार सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ५. छलफलका प्रस्तावहरुको प्रस्तुति :

वार्षिक साधारण सभाका सभापति एवं बैंक सञ्चालक समितिका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन लगायत अन्य विशेष प्रस्तावहरु समेत साधारण सभामा पेश गर्नुभयो । आ.व. २०७५/७६ मा विकास बैंकले उत्साहजनक प्रगति हासिल गर्न सफल भएको उल्लेख गर्दै विकास बैंकको भावी रणनीति बारे सभामा जानकारी गराउनुभयो । साथै, विकास बैकको राम्रो प्रगतिको लागि बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

तत्पश्चात अध्यक्षज्यूले सभाबाट पारित गर्नुपर्ने प्रस्तावहरुबारे सभालाई निम्न अनुसार बुँदागत रुपमा जानकारी गराउनु भयो ।

**छलफलका बिषयहरु :**

**क) साधारण प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) लुम्विनी विकास बैंक लि. को लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी स्वीकृत गर्ने ।

Lumbini Bikas Bank Limited Head Office

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७५/७६ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा संचित मुनाफा रकमबाट हाल कायम चुक्ता पूँजी रु.२,५८,६९,६३,५५१/- (अक्षरेपी दुई अरब अण्ठाउन्न करोड उनान्सत्तरी लाख त्रिसट्ठी हजार पाँच सय एकाउन्न मात्र) को १५% ले हुन आउने रकम रु ३८,८०,४४,५३२/६५ (अक्षरेपी अड्तीस करोड असी लाख चवालिस हजार पाँचसय बत्तीस र पैसा पैंसट्ठी मात्र ) (बोनश शेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**ख) बिशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा संचित मुनाफा रकमबाट हाल कायम चुक्ता पूँजी रु. २,५८,६९,६३,५५१/- (अक्षरेपी दुई अरब अण्ठाउन्न करोड उनान्सत्तरी लाख त्रिसट्ठी हजार पाँच सय एकाउन्न मात्र) को ५ % ले हुन आउने रकम रु १२,९३,४८,१७७/५५( अक्षरेपी बाह्र करोड त्रियान्नव्बे लाख अड्चालीस हजार एक सय सतहत्तर र पैसा पचपन्न मात्र ) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु. २,५८,६९,६३,५५१/- (अक्षरेपी दुई अरब अण्ठाउन्न करोड उनान्सत्तरी लाख त्रिसट्ठी हजार पाँच सय एकाउन्न मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. २,७१,६३,११,७२८/५५ (अक्षरेपी दुई अरब एकहत्तर करोड त्रिसट्ठी लाख एघार हजार सातसय अट्ठाईस र पैसा पचपन्न मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

३) बोनस शेयर जारी पछि कायम हुने जारी र चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रवन्धपत्रको दफा ५ को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन र भाषागत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

४) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय सँस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन ( प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याँकनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) बिविध:**

Lumbini Bikas Bank Limited Head Office

## ६. छलफलको लागि आह्वान :

तत्पश्चात् अध्यक्षज्यूले बाह्रौं वार्षिक साधारण सभामा निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए बमोजिम प्रस्तावहरु उपर छलफलका लागि आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई छलफलमा सहभागी हुन अध्यक्षज्यूबाट अनुरोध भयो ।

## ७. छलफलमा सहभागी हुने शेयरधनीहरु :

सभामा प्रस्तुत विषय उपर छलफलका लागि अध्यक्षज्यूबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो ।

१. श्री भक्ति प्रसाद उप्रेती

२. बैजुनाथ रौनियार

३. शत्रुघन श्रेष्ठ

४. दिवाकर खड्का

५. श्रीकृष्ण रेग्मी

६. जयनारायण मानसिं वांनिया

७. श्री डमरु वल्लभ घिमिरे

८. श्री अशोक उप्रेती

**लिखित मन्तब्य प्रस्तुतकर्ता**

९. श्री चन्द्रनारायण श्रेष्ठ

## ८. छलफलमा सहभागी शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका मन्तव्य, जिज्ञासा तथा सुझावहरुको संक्षिप्त विवरण :

**१. श्री भक्ति प्रसाद उप्रेती**

- समयमै साधारण सभा सम्पन्न गरेकोमा बधाई तथा २० % लाभांशको लागि धन्यवाद ।
- वार्षिक प्रतिवेदनमा गत साधारण सभामा दिईएका सुझावहरु सबै समेटिएकोमा धन्यवाद ।
- बैंकको खुद व्याद आम्दानी वढेको, अन्य आय वदेको साथै निष्क्रिय कर्जा घटेको छ ।
- खर्चमा कटौती गरेको देखिन्छ । यसलाई अझै घटाउने तर्फ पहल गर्नुहुन ।
- पारित नगद लाभांश ३ दिन भित्र शेयरधनीको खातामा जाने व्यवस्था मिलाउनु होला ।
- वार्षिक प्रतिवेदन साथै लेखापरिक्षकको प्रतिवेदन समेत नेपाली भाषामा तयार पार्नुहुन ।
- फ्रयाक्सनमा रहेका शेयरहरुको व्यवस्थापन गर्नुहुन ।
- लाभांश प्रस्ताव गर्दा नगद/वोनस लाभांश ५०/५० प्रतिशत हुने व्यवस्था मिलाउनुहुन ।
- यस बाह्रौं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

२. **बैजुनाथ रौनियार**

- १५ प्रतिशत नगद र ५ प्रतिशत बोनस लाभांशको लागि धन्यवाद ।
- फ्रयाक्सन शेयरको व्यवस्थापन गर्नुहुन ।
- बारा जिल्लामा विकास बैंकको शाखा विस्तार गर्दा राम्रो हुन्छ ।
- कर्जा तथा निक्षेपको बृद्धि राम्रो छ ।
- उच्च व्यवस्थापनमा पनि महिलाको प्रतिनिधित्व हुन सके राम्रो ।
- विकास बैंकले तय गरेका आगामी कार्ययोजनाहरु द्रुतगतिले कार्यन्वयन गर्नुहुन ।

३. **शत्रुघन श्रेष्ठ**

- २० प्रतिशत लाभांशको लागि धन्यवाद ।
- विकास बैंक प्रतिस्पर्धी भएर अगाडि आएको छ ।
- बैंकको चुक्ता पूँजी मजबुत भएको छ ।
- वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

४. **दिवाकर खड्का**

- लाभांशको लागि धन्यवाद ।
- लुम्बिनी उत्कृष्ट बैंकको रुपमा अगाडि बढ्दैछ ।
- एन पि ए घटेको तथा स्प्रेड राम्रो रहेको छ ।
- पत्रपत्रिकामा आउने नकारात्मक विषयहरुमा खण्डन गर्नुपर्‍यो ।

५. **श्रीकृष्ण रेग्मी**

- लुम्बिनी विकास बैंक लामो संघर्षका साथ उत्कृष्ट बैंकको रुपमा अगाडि आएको छ ।
- केहीससाना कमी कमजारीहरु देखिन्छन मनन गरी सुधार गर्नुपर्‍यो ।
- पत्रपत्रिकाका सबै विषय सत्य नहुने तर यसमा बैंक व्यवस्थापन सजग हुन जरुरी छ ।
- सञ्चालक समितिको अध्यक्ष छिटो छिटो परिवर्तन हुनु राम्रो देखिएन ।

Lumbini Bikas Bank Limited Head Office

६. जयनारायण मानसिं वांनिया

- विकास बैंकको नेटवर्थ राम्रो छ ।
- कर्जा निक्षेप अनुपात मिलेको छ ।
- आधार दर अलि वढी देखियो ।
- समयमै साधारण सभा गरी लाभांश दिएकोमा धन्यवाद ।

७. श्री डमरु बल्लभ घिमिरे

- लुम्बिनी विकास बैंकले विगतका वर्षहरुको तुलनामा यस वर्ष कायापलट नै गरेको छ ।
- अधिकांश सुचकहरुमा सुधार देखिएको छ ।
- समयमै साधारण सभा गरी शेयरधनीहरुलाई लाभांश दिन सकेकोमा विकास बैंकका सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद छ ।
- साधारण सभा सफलताको शुभकामना ।

८. श्री अशोक उप्रेती

समयमै साधारण सभा गरी लाभांश दिएकोमा धन्यवाद ।

साधारण सभाके सफलताको शुभकामना ।

लिखित मन्तब्य प्रस्तुतकर्ता

९. श्री चन्द्रनारायण श्रेष्ठ

क) यस विकास बैंकले बाह्रौं वार्षिक साधारण सभामा सञ्चालक समिति तथा व्यवस्थापनको कार्य व्यवसायवाट शेयरधनीहरुलाई चुक्ता पूँजीको १५ प्रतिशत नगद र ५ प्रतिशत वोनस गरी कुल २० प्रतिशत प्रतिफल दिन सकेकोमा धन्यवाद दिन चाहन्छु ।

ख) औषत प्रतिफल उपत्यका वाहिरका विकास बैंकहरुको ५ वर्षे प्रतिफल उच्च रहेको देखिन्छ । तर लुम्बिनी विकास बैंकको गत वर्ष र यस वर्ष मात्र प्रतिफल प्राप्त भएको तर त्यसभन्दा अगाडि ३ वर्ष प्रतिफल नपाएको हुनाले ५ वर्षे औषत प्रतिफल निकाल्नको लागि उपयुक्त भएन ।

ग) अन्त्यमा यस विकास बैंकले समयमा नै साधारण सभा गर्न सकेको छ । आगामी वर्षहरुमा पनि यस्तै प्रकारले उच्च दरले प्रतिफल पाउनका लागि व्यवसाय अभिबृद्धि गराई उपयुक्त वजार भएको ठाउँमा शाखाहरु विस्तार गरी समग्र वाशलात वृद्धि गर्न सकोस भनी शुभकामना तथा वधाई दिन चाहन्छु ।

Lumbini Bikas Bank Limited Head Office

साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरुका सम्बन्धमा व्यवस्थापनसंग सम्बन्धित विषयमा अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री नरेश सिंह बोहराज्यूले जवाफ प्रस्तुत गर्नुभयो । तत्पश्चात सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसालज्यूले साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरु बैंकको प्रगतिको लागि महत्वपूर्ण कोशेढुङ्गा सावित हुने बताउँदै यस किसिमका राय सुझावहरुलाई सकारात्मक रुपमा लिने बताउनु भयो । अध्यक्षज्यूले बैंक विगतको तुलनामा सवल भईसकेकोले शेयरधनीहरुलाई निरन्तर प्रतिफल दिने अवस्थामा आईपुगेको व्यहोरा समेत शेयरधनीहरु माझ राख्नुभयो ।

यसै क्रममा वाह्य तथा आन्तरिक लेखापरीक्षकवाट औंल्याईएका कैफियतहरु सुधार गर्ने तथा नेपाल राष्ट्र बैंकका निर्देशनहरुको पूर्ण रुपमा पालना गर्दै सुशासन कायम गर्न बैंक सञ्चालक समिति प्रतिवद्ध भएको व्यहोरा समेत अध्यक्षज्यूले सभा समक्ष प्रतिवद्धता व्यक्त गर्नुभयो ।

शेयरधनी वक्ताहरुवाट वार्षिक प्रतिवेदनका सम्बन्धमामा दिइएका सुझावहरुलाई आगामी दिनहरुमा सुधार गर्दै जाने उल्लेख गर्दै शेयरधनीहरुवाट प्राप्त अमुल्य मन्तव्य तथा राय सुझावहरुका लागि धन्यवाद दिनुंहुँदै सुधारका कार्यलाई दृढताका साथ अगाडि बढाईने प्रतिवद्धता समेत व्यक्त गर्दै गर्नुभयो ।

## १०. पारित प्रस्ताव तथा निर्णयहरु :

अध्यक्षज्यूको प्रतिक्रिया तथा जवाफ प्रस्तुत गरे पश्चात् साधारण सभामा पूर्व सूचित छलफलका विषयहरु पारित गर्न सभापतिज्यूले शेयरधनीहरु समक्ष एक एक गरी वाचन गरी पेश गरिएका प्रस्तावहरुमा सहमति भएमा ताली वजाई पारित भएको जनाउ दिनुहुन अनुरोध गर्नुभयो ।

तत्पश्चात सभापतिज्यूको निर्देशन वमोजिम कम्पनी सचिवले साधारण तथा विशेष प्रस्तावहरु एक एक गरी क्रमैसंग साधारण सभा समक्ष पेश गरेपछि हरेक प्रस्तावमा शेयरधनीज्यूहरुवाट ताली वजाएर सर्वसम्मत रुपमा स्वीकृति प्राप्त भएकोले सभापतिज्यूले तपशिलमा उल्लेख भए वमोजिम पेश गरिएका सवै प्रस्तावहरु बाह्रौं वार्षिक साधारण सभावाट पारित भएको जानकारी सभा समक्ष गराउनुभयो ।

### क) साधारण प्रस्ताव तर्फ :

१) सञ्चालक समितिको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन छलफल गरि सर्वसम्मतिले पारित गरियो ।

२) लुम्विनी विकास बैंक लि.को लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु स्वीकृत गरियो ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७६/०७७ का लागि लेखापरीक्षकको नियुक्ति सम्बन्धमा बैंकको लेखापरीक्षण समितिमा पेश हुन आएका प्रस्तावहरु मध्ये योग्य देखिएका ३ कम्पनीहरु क्रमशः खगेन्द्र एण्ड एसोसिएटस, एच डि एस डि एसोसिएटस, र के ए एस एसोसिएटस मध्येवाट छनौट गर्न मिति २०७६/९/६मा वसेको लेखापरीक्षण समितिले सिफारिस गरेकोमा प्रस्तावित लेखापरीक्षण शुल्क, विगत आ.व.२०७५/७६ मा यसै विकास बैंकको वाह्य लेखापरीक्षक नियुक्त भई समयमै कार्य सम्पन्न गरेको, विभिन्न बैंक वित्तीय संस्थाहरुको लेखापरीक्षण सम्पन्न गरेको कार्य अनुभव, क्षमता एवं कम्पनीको साखः समेतको आधारमा

Lumbini Bikas Bank Limited
Head Office

मुल्याङ्कन गरी हेर्दा आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण (वाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट तथा दफा ७८ प्रमाणिकरण) सम्पन्न गर्न लेखापरीक्षण शुल्क रु ५,००,०००/- (अक्षेरेपी पाँच लाख मात्र) करसहित भुक्तानी दिने गरी श्री खगेन्द्र एण्ड एसोसिएटसलाई आ.व. २०७६/७७ को लागि वाह्य लेखापरीक्षकको रुपमा पुनः नियुक्त गर्ने निर्णय गरियो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा सञ्चित मुनाफा रकमबाट हाल कायम चुक्ता पूँजी रु.२,५८,६९,६३,५५१/- (अक्षरेपी दुई अरव अण्ठाउन्न करोड उनान्सत्तरी लाख त्रिसट्ठी हजार पाँच सय एकाउन्न मात्र) को १५% ले हुन आउने रकम रु ३८,८०,४४,५३२/६५ (अक्षरेपी अड्तीस करोड असी लाख चवालिस हजार पाँचसय वत्तीस र पैसा पैंसट्ठी मात्र ) (बोनश शेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

साथै गत मिति २०७६/४/२८ मा सम्पन्न ११औं वार्षिक साधारण सभावाट पारित बोनश शेयरमा लाग्ने कर तिर्न बाँकी शेयरधनीज्यूहरुको अनुरोध वमोजिम बाँकी लाभांश कर समेत सम्बन्धित शेयरधनीहरुको नगद लाभांशवाट समायोजन गर्ने निर्णय गरियो ।

**ख) बिशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७५/७६ को मुनाफा तथा संचित मुनाफा रकमबाट हाल कायम चुक्ता पूँजी रु. २,५८,६९,६३,५५१/- (अक्षरेपी दुई अरब अण्ठाउन्न करोड उनान्सत्तरी लाख त्रिसट्ठी हजार पाँच सय एकाउन्न मात्र) को ५% ले हुन आउने रकम रु १२,९३,४८,१७७/५५( अक्षरेपी बाह्र करोड त्रियान्नव्वे लाख अड्चालीस हजार एक सय सतहत्तर र पैसा पचपन्न मात्र ) बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु. २,५८,६९,६३,५५१/- (अक्षरेपी दुई अरब अण्ठाउन्न करोड उनान्सत्तरी लाख त्रिसट्ठी हजार पाँच सय एकाउन्न मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. २,७१,६३,११,७२८/५५ (अक्षरेपी दुई अरब एकहत्तर करोड त्रिसट्ठी लाख एघार हजार सातसय अट्ठाईस र पैसा पचपन्न मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

३) बोनस शेयर जारी पछि कायम हुने जारी र चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रवन्धपत्रको दफा ५ को (ख) र (ग) मा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन र भाषागत सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

४) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय सँस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्वन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्यांकनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत् निर्णय गरियो ।

ग) बिविधः

Lumbini Bikas Bank Limited Head Office

## ११. निर्णय पुस्तिकामा हस्ताक्षर :

यस बाह्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले दस्तखत गर्ने निर्णय गरियो ।

## १२. धन्यवाद ज्ञापन

अध्यक्षज्यूबाट सभामा छलफलका लागि विषय सूचीमा तोकिएका सबै विषयहरुमा छलफल गरी निर्णय लिई सकिएकोले यस बाह्रौं वार्षिक साधारण सभा सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गर्न सहयोग गर्नुहुने उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पुर्ण आगन्तुकहरु, कानूनी सल्लाहकारहरु, पत्रकार मित्रहरु बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि., कर्मचारी वर्ग, स्थान उपलब्ध गराईदिने अमृतभोग तथा प्रत्यक्ष परोक्ष रुपमा अमुल्य सहयोग गर्नुहुने सबैलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## १३. सभा विसर्जन

आजको यस बाह्रौं वार्षिक साधारण सभामा समावेश साधारण तथा बिशेष प्रस्ताव सहितका विषयसूची अर्न्तगतका सबै विषयहरु पारित भएको व्यहोरा जानकारी भएपछि बैंकका सञ्चालक समितिका अध्यक्ष तथा यस १२औं वार्षिक साधारण सभाका सभापति श्री दशरथ रिसालज्यूले साधारण सभावाट पारित निर्णयहरु कार्यान्वयनको लागि व्यवस्थापनलाई निर्देशन दिनुहुँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

................................
हरि कृष्ण सुवेदी
कम्पनी सचिव

Lumbini Bikas Bank Limited
Head Office

................................
दशरथ रिसाल
अध्यक्ष
सञ्चालक समिति

२०७६/०९/२९